शिखर नगरपालिकाको
नगर कार्यपालिकाको कार्यालय
तल्कोट, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

# शिखर नगरपालिकाको संरचनागत र जनशक्ति कार्यविवरण

## *शिखर नगरपालिकामा रहेका सम्पुर्ण विषयगत शाखाहरुको विवरण*

१. प्रशासन शाखा

२. जिन्सी शाखा

३. न्याय, कानुन र मानव अधिकार तथा उजुरी प्रशासन शाखा

४. राजश्व र आर्थिक प्रशासन शाखा

५ योजना शाखा

४. प्राविधिक शाखा

५.सामाजिक विकास शाखा

६. वन, वातावरण, फोहोरमैला तथा विपद व्यवस्थापन शाखा

७. उद्योग तथा उद्यमशिलता विकास शाखा

८. कृषी विकास शाखा

९. पशु विकास शाखा

१०. सहकारी व्यवस्थापन शाखा

११. शिक्षा शाखा

१२.स्वास्थ्य शाखा

१३. रोजगार शाखा

१४. सूचना तथा सञ्चार प्रविधि शाखा

## बिषयगत शाखाको कार्य विभाजन

### १. सामान्य प्रशासन शाखा (शाखा प्रमुख- कृष्ण बहादुर कठायत)

क) स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवा शर्त, योजना, कार्यान्वयन र नियमन

ख) संविधानको धारा ३०२ बमोजिम समायोजन भई आउने कर्मचारीको व्यवस्थापन

ग) स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी अन्य कार्य

घ) नगरपालिकाको संगठन विकास, सङ्गठन संरचना तथा दरबन्दी निर्धारण, जनशक्ति व्यवस्थापन र वृत्ति विकास,

ङ) स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग, प्रबर्द्धन र नियमन

च) मानव संसाधन विकासका लागि अल्पकालीन तथा दीर्घकालीन योजना तर्जुमा

छ) नगरपालिकामा सार्वजनिक विदा, उत्सव, जात्रा, उर्दी आदिको व्यवस्थापन

नि. प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

ज) कार्यालयका दर्ता चलानी, चिठ्ठीपत्र तथा अन्य अभिलेख व्यवस्थापन

झ). कर्मचारीका व्यक्तिगत फाईलको व्यवस्थापन

ञ). कर्मचारी हाजिरी तथा विदा व्यवस्थापन

ट). बजार अनुगमन, गुणस्तर, नापतौल, खाद्य सुरक्षा र उपभोक्ता हित संरक्षण उपशाखा स्थानीय व्यापार, वाणिज्य, वस्तुको माग, आपूर्ति व्यबस्थापन तथा अनुगमन

ठ). उपभोक्ता अधिकार तथा हित सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन स्थानीय वस्तुहरूको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण र अनुगमन

**२. जिन्सी शाखा (शाखा प्रमुख- कृष्ण बहादुर कठायत)**

क). नगरपालिकाको लागि सार्वजनिक खरीद तथा अन्य बन्दोबस्तीका सामान सम्बन्धी विषय

ख). सेवा तथा निर्माण व्यवसायको सञ्चालन तथा व्यवस्थापन

ग). नगरपालिकाभित्रको सार्वजनिक तथा सरकारी सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यवसाय, पूर्बाधार, उद्योग, खानी तथा खनीज, वनको विवरण सहितको अद्यावधिक अभिलेख

घ). नगरपालिकाको स्वामित्वमा रहेको सम्पत्तिको अद्यावधिक अभिलेख

ङ). नगरपालिका स्थित सरकारी सम्पत्तिको एकीकृत विवरण ।

**३. न्याय, कानुन र मानव अधिकार तथा उजुरी प्रशासन शाखा (शाखा प्रमुख- दिनेश बहादुर बलायर)**

क). स्थानीय तह, प्रदेश र संघसँगको सम्वन्ध र समन्वय तथा वडासँगको समन्वय

ख). न्यायिक समितिको सचिवालय, न्याय, कानून, मानव अधिकार प्रवर्द्धन तथा मेलमिलाप र मध्यस्थता, निर्णय तथा फैसला कार्यान्वयन र न्यायिक समितिको सचिवालय सम्वन्धी कार्य

ग). न्याय तथा कानूनी राज्यको परिपालना

घ). मानव अधिकारको संरक्षण तथा प्रवर्द्धन

ङ). व्यक्ति र समुदायबीच मेलमिलाप र मध्यस्थताको व्यवस्थापन

च). न्यायिक निर्णय तथा फैसला कार्यान्वयन

नि. प्रमुख प्रशासकीय अधि...

Scanned with CamScanner

## ४. राजश्व र आर्थिक प्रशासन शाखा (शाखा प्रमुख- रतन बहादुर माझी)

क). राजश्व सम्बन्धी नीति, कानुन तर्जुमा (राजश्व चुहावट नियन्त्रण समेत) तथा आर्थिक नीति, कानुन, मापदण्ड, कार्यविधि कार्यान्वयन र नियमन आर्थिक प्रशासन र व्यवस्थापन,

ख). नेपालको संविधानको अनुसुची ८ र ९ र प्रदेश कानुन तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिमका स्थानीय करको दर तथा अन्य शुल्क निर्धारण गर्ने, संकलन गर्ने र सो बाँडफाँड गर्ने लगायतका सम्पुर्ण नियमन तथा व्यवस्थापन,

ग) सार्वजनिक खर्च तथा प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टी सम्बन्धी निति, कानुन, मापदण्ड तथा नियमन र सोको संकलन र बाँडफाँड,

घ). कानुन बमोजिम ढुंगा, गिट्टी, बालुवा, माटो लगायत अन्य खानी खनिज पदार्थको सर्भेक्षण, अन्वेषण, उत्खनन र सो सम्बन्धी रोयल्टी संकलन र नियमानुसार दण्ड जरिवाना, बाँकी बक्यौता रकमको लगत असुल उपर,

ङ) करदाता शिक्षा तथा करदाता विवरण अद्यावधिक, आर्थिक तथा वित्तीय श्रोतासाधनको महत्तम उपयोग तथा समतामुलक बाँडफाँड,

च). राजश्व परामर्श समिति सम्बन्धी सम्पुर्ण विषयका साथै स्थानीय सञ्चित कोष सम्बन्धी व्यवस्थापन,

छ). लेखा सम्बन्धी व्यवस्थापन, खर्च, राजश्व, धरौटी, कार्यसंचालन कोष तथा अन्य सरकारी कोष तथा सम्पतीको एकीकृत विवरणको व्यवस्थापन,

ज). ऋण तथा अनुदान, लगानी, राजश्व तथा व्ययको अनुमान र बेरुजु फछ्र्यौट ।

## ५. प्राविधिक शाखा (शाखा प्रमुख- लोकेन्द्र बहादुर खड्का)

क). स्थानीय सडक, ग्रामिण सडक, झोलुङगे पुल-पुलेशा यातयात सम्बन्धी नीति, कानुन, कार्यविधि, मापदण्ड तथा नियमन गर्ने र सो सम्बन्धी आयोजना, योजना तथा गुरुयोजनाको पहिचान, सम्भाव्यता अध्ययन, तर्जुमा, कार्यान्वयन, मर्मत सम्भार, स्तरोन्नती र सुरक्षा व्यवस्थापन र नियमन,

ख). खानेपानी, सिँचाई तथा स्थानीय विद्युत सम्बन्धी नीति, कानुन, कार्यविधि, मापदण्ड तथा नियमन गर्ने र सो सम्बन्धी आयोजना, योजना तथा गुरुयोजनाको पहिचान, सम्भाव्यता अध्ययन, तर्जुमा, कार्यान्वयन, मर्मत सम्भार, स्तरोन्नती र सुरक्षा व्यवस्थापन र नियमन,

ग). स्थानीय साना, सतह, तथा भुमिगत सिँचाई प्रणालीको सञ्चालन, निर्माण, सुधार, मर्मत सम्भार तथा सेवा शुल्क निर्धारण र संकलनको व्यवस्थापन,

घ). जल उत्पन्न प्रकोप नियन्त्रण सम्बन्धी स्थानीय तटबन्ध, नदी तथा खोला नियन्त्रण र व्यवस्थापन गर्ने गराउने,

ङ) पानीका मुहान संरक्षण सम्बन्धी कार्यका साथै स्थानीय तथा सार्वजनिक स्थलमा स्वच्छ खानेपानी आपुर्ति व्यवस्था सम्बन्धी सम्पुर्ण व्यवस्थापन,

नि. प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

शिखर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तल्कोट, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल

च) भवन निर्माण सम्बन्धी नीति, कानुन, कार्यविधि, मापदण्ड तथा नियमन गर्ने र सो सम्बन्धी आयोजना, योजना तथा गुरुयोजनाको पहिचान, सम्भाव्यता अध्ययन, तर्जुमा, कार्यान्वयन, मर्मत सम्भार, स्तरोन्नती र सुरक्षा व्यवस्थापन र नियमन,
छ). राष्ट्रिय भवन निर्माण संहिता र मापदण्ड बमोजिम भवन निर्माणको अनुमती र नियमन तथा नक्सा निर्माण, संसोधन र निन्त्रण सम्बन्धी कार्य,

ज). दोश्रो पक्षले प्राचिन र पुरातात्विक स्मारक, मठ मन्दिर आदिको संरक्षण तथा पुनःनिर्माण सम्वन्धी र सरकारी भवन, विद्यालय, सामुदायिक भवन र अन्य सार्वजनिक भवन सम्बन्धी नियमानुसार सम्पुर्ण व्ययवस्थापन ।

**६. योजना शाखा (शाखा प्रमुख- लोगराज जोशी)**

क) विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानुन, कार्यविधि, मापदण्ड योजना तथा नियमन गर्ने गराउने,
ख). स्थानीय विकास नीति, अल्पकालिन, मध्यकालिन तथा दीर्घकालिन विकास योजना एवं गुरुयोजना तर्जुमा, कार्यान्वयन अनुगमन तथा मुल्याकंन,
ग). वार्षिक विकास कार्यक्रम, आयोजना तर्जुमा र कार्यान्वयन,
घ). आर्थिक, सामाजिक, साँस्कृतिक, वातावरणीय, प्रविधि तथा पुर्वाधारजन्य विकासका लागी आवश्यक आयोजना तथा परियोजनाहरुको तर्जुमा कार्यान्वयन र अनुगमन तथा मुल्याकंन,
ङ). स्थानीय उपभोक्ता समितिहरुको क्षमता विकास गराई विकास निमार्णमा जनसहभागिता अभिबृद्धी सम्बन्धी कार्यक्रम तर्जुमा र कार्यान्वयन,
च). विकास योजनाहरुको वातावरणीय प्रभाव मुल्याकंन गरी विकासका प्राथमिकता प्राप्त क्षेत्र निर्धारण,
छ). संघ र प्रदेशका आयोजना परियोजनाहरुको कार्यान्वयनमा आवश्यक समन्वय, सहजीकरण र सहयोग,
ज). विकास आयोजनाहरुको मुल्याकंन, अनुगमन र आवधिक प्रगती र प्रतिफलको समिक्षाको आधार र प्रक्रिया निर्धारण गरी बैज्ञानिक अनुगमन मुल्याकंन ।

**७. सूचना तथा सञ्चार प्रविधि शाखा (शाखा प्रमुख- नवराज भट्ट)**

क). सफ्टवेयरहरु मेन्टिनेन्स, सञ्चालन तथा व्यवस्थापन

ख). आफ्नो क्षेत्रभित्र इन्टरनेट सेवा नवीकरण र नियमन

ग). अभिलेख व्यवस्थापनमा नवीनतम सूचना प्रविधिको प्रयोग

घ) सूचना तथा सञ्चार प्रविधिमा सर्वसाधारण जनताको सहज र सरल पहुँच तथा सूचना प्रविधिको विकास र विस्तार सम्बन्धी कार्यक्रम तर्जुमा र कार्यान्वयन

ङ). बैज्ञानिक अध्ययन, अनुसन्धान र प्रविधि विकासमा लगानी

नि. प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

च). सूचना तथा सञ्चार प्रविधिमा आधारित तथ्याङ्क व्यवस्थापन ।

छ). तथ्याङक संकलन, व्यवस्थापन तथा प्रयोग सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन

ज).सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालन

**८. रोजगार शाखा (शाखा प्रमुख- दिपकराज भण्डारी)**

क). स्थानीय जनसंख्याको गरी रोजगारीको अवस्था, कूल ग्राहस्थ्य उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास सूचकाङ्क, राजश्व तथा आयव्यय समेतको तथ्याङ्क सङ्कलन र प्रशोधन गरी सूचना प्रणालीलाई व्यवस्थापन गर्ने

ख). बेरोजगारको तथ्यांक संकलन

ग). विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानून, मापदण्ड, योजना र नियमन

घ). स्थानीय विकास नीति, अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन विकास योजना तर्जूमा, अनुगमन तथा मूल्यांकन

ङ) आर्थिक, सामाजिक, साँस्कृतिक, वातावरणीय, प्रविधि र पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन

च) विकास निर्माण प्रकृयामा स्थानीय जनसहभागिता अभिबृद्धिका कार्यक्रम तर्जुमा र कार्यान्वयन ।

**९). सामाजिक विकास शाखा (शाखा प्रमुख- डिल बहादुर महरा)**

क). महिला हक सम्बन्धी नीति, योजना कार्यान्वयन, समन्वय र नियमन

ख). महिलाको आर्थिक, सामाजिक, राजनीतिक सशक्तिकरण, क्षमता विकास

ग). लैगिक हिंसा निवारणका लागि निरोधात्मक, प्रवर्द्धनात्मक, संरक्षणात्मक उपाय र पुन:स्थापना

घ). लैंगिक उत्तरदायी बजेट

ङ). बालबालिकाको हकहीत संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन

च). बालबालिकाको हकहीत संरक्षण ♣

छ). बालमैत्री शासकीय प्रवन्ध, बाल क्लब, बाल संरक्षण समिति तथा बाल सञ्जाल

नि. प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

शिखर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तल्कोट, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

ज). बाल गृह, पुनःस्थापना केन्द्र, शिशु स्याहार केन्द्र र बाल विकास केन्द्र व्यवस्थापन ♣ असहाय बालबालिकाका, सडक बालबालिका व्यवस्थापन र बाल हिंसा नियन्त्रण

ञ). युवा जागरण, सशक्तिकरण र परिचालन ♣ युवा सीप, उद्यमशिलता तथा नेतृत्व विकास

ट) जेष्ठ नागरिकको लगत, परिचयपत्र, सम्मान, स्वास्थ्य सुविधा, सामाजिक सुरक्षा सम्बन्धी कार्य

ठ). सङ्घ तथा प्रदेशसँगको समन्वयमा अपाङ्गता पुनःस्थापना केन्द्र तथा असक्त स्याहार केन्द्रको सञ्चालन र व्यवस्थापन ज्ञट ♣ अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण

ड). सामाजिक सुरक्षाको कार्यान्वयनको लागि सङ्घ, प्रदेश र स्थानीय सङ्घ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य

ढ). स्थानीय सामाजिक सुरक्षा योजना र व्यवस्थापन तथा आवश्यक तथ्यांक संकलन एवं व्यवस्थापन

ण). आधुनिक प्रबिधिमार्फत व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्वन्ध विच्छेद र धर्मपुत्र धर्मपुत्री), अभिलेख व्यवस्थापन तथा प्रतिवेदन

त). संस्कृति, सम्पदा, ललितकला तथा पर्यटन प्रबर्द्धन, पुरातत्व, प्राचीन स्मारक तथा सङ्ग्रहालयको संरक्षण, सम्भार, प्रबर्द्धन र विकास

थ) परम्परागरत रुपमा चलिआएका जात्रा तथा पर्वको सञ्चालन र व्यवस्थापन

द). स्थानीयस्तरमा समाजकल्याण सम्वन्धी संघसंस्था (गैरसरकारी, सामाजिक तथा सामुदायिक संघसंस्था) को दर्ता, नवीकरण तथा नियमन ।

**<u>१०. पशु विकास शाखा (शाखा प्रमुख- जय प्रकाश मल्ल)</u>**

क). पशुपालन र पशु स्वास्थ्य सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने गराउने,

ख). पशुपन्छी बजार सूचना, हाटबजारको पूर्वाधार निर्माण, तालिम, प्राविधिक टेवा, कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन र नियमन,

ग). पशुपन्छीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण,

घ) पशुपन्छी चिकित्सा सेवाको व्यवस्थापन, ,

ङ). पशु नश्ल सुधार पद्धति विकास र व्यबस्थापन,

च). पशुपन्छी सम्बन्धी बीमा र कर्जा सहजीकरण,

नि. प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

छ).स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन,

ज). दोश्रो पक्षले पशु आहारको गुणस्तर नियमन,

झ). स्थानीयस्तरमा पशुपन्छी सम्बन्धी तथ्याङ्कको व्यवस्थापन र सूचना प्रणाली,

ञ). पशु बधशाला र शीत भण्डारणको व्यवस्थापन र नियमन,

ट) दोश्रो पक्षले पशुपालन तथा पशु स्वास्थ्य सम्बन्धी अन्य कार्य ।

११. शिक्षा विकास शाखा (शाखा प्रमुख- शेर बहादुर कठायत)

क). प्रारम्भिक बाल शिक्षा तथा विद्यालय शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक शिक्षा (गुरुकुल आदि), निरन्तर सिकाइ तथा विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन र नियमन,

ख). प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति र नियमन,

ग) पाठ्यक्रम र पाठ्यसामग्रीको वितरण तथा कार्यान्वयन,

घ) विद्यालय शिक्षक तथा कर्मचारी व्यवस्थापन,

ङ) विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,

च) शैक्षिक पूर्वाधार निर्माण र मर्मत सम्भार,

छ). आधारभूत तह (कक्षा ८) को परीक्षा व्यवस्थापन,

ज). विद्यार्थी सिकाइ उपलब्धीको परीक्षण र व्यवस्थापन,

झ). विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन र शैक्षिक परामर्श सेवाको अनुमति तथा नियमन,

ञ).स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण,

ट). माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन ,

ठ). पुस्तकालय एवं पत्रपत्रिका व्यवस्थापन,

ड).स्थानीय पुस्तकालय, वाचनालय तथा सामुदायिक अध्ययन केन्द्र सञ्चालन तथा व्यवस्थापन,

ढ).स्थानीयस्तरमा खेलकूद प्रशासन तथा सङ्घ संस्थाको नियमन र समन्वय,

ण). खेलकुदको संरचनाको पूर्वाधार निर्माण, सञ्चालन तथा विकास,

नि. प्रमुख प्रशासकीय अधिकृ

Scanned with CamScanner

शिखर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तल्कोट, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

त). खेलकूदको विकास र प्रवर्द्धन,

थ) खेलकूद प्रतियोगीता आयोजना र सहभागीता,

द) अतिरिक्त क्रियाकलाप सम्बन्धी विषय ।

**१२. स्वास्थ्य शाखा (शाखा प्रमुख- हरिश्चन्द्र शाह)**

क). आधारभूत स्वास्थ्य र सरसफाई सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन तथा नियमन,

ख). दोश्रो पक्षले राष्ट्रिय तथा प्रदेशस्तरीय लक्ष्य र मापदण्ड बमोजिम स्थानीयस्तरको स्वास्थ्य सम्बन्धी लक्ष्य र गुणस्तर निर्धारण गर्ने गराउने,

ग). राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्थाहरूको क्लिनिक दर्ता, सञ्चालन अनुमति र नियमन,

घ). आधारभूत स्वास्थ्य सेवाको सञ्चालन र प्रबर्द्धन,

ङ). अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन,

च). स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन,

छ). सरसफाई सचेतनाको अभिवृद्धि,

ज). रक्त सञ्चार सेवा तथा स्थानीय र शहरी स्वास्थ्य सेवा,

झ). औषधि पसल सञ्चालन र नियमन,

ञ). औषधिजन्य वनस्पति, जटीबुटी र अन्य औषधिजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरण,

ट) स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्थापन,

ठ). औषधि तथा अन्य मेडिकल उत्पादनहरूको न्यूनतम मूल्य निर्धारण र नियमन,

ड). औषधिको उचित प्रयोग र सूक्ष्मजीव निरोधक प्रतिरोध न्यूनीकरण,

ण). औषधि र स्वास्थ्य उपकरणको खरीद, भण्डाण र वितरण,

त). स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन,

वि. प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

थ). **जनस्वास्थ्य** निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स),

द). **प्रवर्द्धनात्मक,** प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र प्यालिएटिभ स्वास्थ्य सेवाको सञ्चालन,

ध). **स्वस्थ** जीवनशैली, पोषण, शारीरिक ब्यायाम, योग अभ्यास, स्वास्थ्य वृत्तको पालना, पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको प्रवर्द्धन,

न). जुनोटिक र कीटजन्य रोगको नियन्त्रण तथा व्यवस्थापन,

प). सुर्ति, मदिरा र लागू पदार्थजन्य वस्तुको प्रयोग नियन्त्रण तथा सचेतना अभिवृद्धि,

फ). आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवाको व्यवस्थापन,

ब). जनस्वास्थ्य, आपत्कालीन स्वास्थ्य तथा महामारीको नियन्त्रण योजना र कार्यान्वयन,

भ). सरुवा तथा नसर्ने रोगको नियन्त्रण तथा रोकथाम,

म). आकस्मिक स्वास्थ्य सेवा प्रवाह ।

नि. प्रमुख प्रशासकीय अधिकृत